# समृद्ध नवलपरासी

मानननीय विनोद कुमार चौधरीको राजनीतिक सचिवालयद्वारा प्रकाशित वुलेटिन, (वर्ष १, अंक १, जेठ २०८०)

# विनोद चौधरीले जितेपछि नवलपरासीको मुहार फेरिंदै



नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधि सभा सदस्य विनोद चौधरीले चुनावी प्रतिवद्धताअनुसार विकास निर्माणका कामलाई तीव्रता दिएका छन् । उनले नवलपरासी १ को विकासका लागि व्यवस्थित खाका नै तयार गरेका छन् । यतिबेला एक दर्जन बढि चुनावी प्रतिवद्धता कार्यान्वयनमा छन् ।

तराइ मधेशको लाइफलाइन मानिने हुलाकी सडक निर्माण कार्यले तीब्रता पाएको छ । सांसद चौधरीले सराकोरवाला निकायसँग पटकपटक छलफल गरेर कामलाई तीब्रता दिन पहल गरेका हुन् । यस्तै पूर्व पश्चिम राजमार्ग अन्तर्गत नारायणगढ-बुटवल सडकखण्डको कामले पनि तीब्रता पाएको छ ।

चिसापानी अस्पताललाई विशेषज्ञ सेवासहित स्तरोन्नतिको कार्य अगाडि बढेको छ । चौधरी फाउण्डेसनसँगको सहकार्यमा अस्पतालमा विशेषज्ञ सेवा सुरु हुन लागेको हो ।

फाउण्डेसनकै सहयोगमा सुस्ता गाउँपालिकाको पक्लीहवास्थित स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर सञ्चालनमा आएको छ भने गाउँपालिकाका एमबीबीएस चिकित्सकको प्रबन्ध मिलाइएको छ । गाउँपालिकाका पाँच वटै वडामा निशुल्क घुम्ती स्वास्थ्य सेवाको व्यवस्था गरिएको छ ।

त्यस्तै निर्वाचन क्षेत्रका युवाहरुलाई उद्यमशीलतासँग जोड्न विभिन्न स्वरोजगार मूलक तालिमका साथै सीपमूलक कार्यक्रम सञ्चालनको काम भइरहेको छ । चौधरी फाउण्डेशनमार्फत सिलाई कटाईलगायतका सीपमुलक तालिमहरू सञ्चालन भइरहेका छन् ।

बर्दघाट नगरपालिकाको खजुरा खोला किनारमा साना तथा मझौला उद्योगग्राम (एसएमई भिलेज) निर्माण कार्य अगाडि बढेको छ ।

> **पहिलाका नेताहरुले आश्वासन मात्रै दिए, माननीय विनोदजीले जितेपछि चार पाँच महिनामै कामको परिणाम पनि देखिन थालेको छ ।**

'गरि खाने' कार्यक्रमअन्तर्गत उद्यम गर्न चाहने युवाहरुलाई लक्षित गरेर यो कार्यक्रम अगाडि बढ्ने जनाइएको छ ।

निर्वाचन क्षेत्रलाई केराखेती विशेष क्षेत्रका रुपमा विकास गर्ने योजना अनुसार सुस्ता गाउँपालिकाको वडानम्बर २ मा चिप्स उद्योग सञ्चालन गर्न जग्गा खरिद भइसकेको छ भने उद्योग डिजाईन कार्य अगाडि बढिसकेको छ ।

उखु किसानले सहज भुक्तानी नपाउने वर्षौंदेखिको समस्या समाधान गर्न सांसद चौधरीले व्यक्तिगत तहबाट पहल गरेका छन् । पहिलेको तुलनामा अहिले सहज तरिकाले भुक्तानी पाएको किसानहरुको भनाई छ ।

बाँकी पृष्ठ २ मा

# स्थापना हुने भयो नवलपरासीमा ट्रमा सेन्टर




नवलपरासी क्षेत्र-१ का प्रतिनिधिसभा सदस्य विनोद चौधरीको पहलमा उपत्यका वाहिर पहिलो ट्रमा सेन्टर स्थापना हुने भएको छ । नवलपरासी क्षेत्र नं. १ अन्र्तगत पर्ने बर्दघाट नगरपालिका वडा नं. २ चिसापानीमा स्थापना हुन लागेको ट्रमा सेन्टरको लागि चालु आ.व. २०७९/०८० मा तीन करोड रुपैयाँ वरावरको टेण्डर प्रक्रियामा रहेको छ । सेन्टरको स्थापनाको आगामी आर्थिक वर्षको बजेटमा थप रकम बजेट विनियोजन गरिएको छ । यस सेन्टर स्थापनाको लागि राष्ट्रिय आवास कम्पनीसँग १ बिघा १० कठ्ठा जमिन ४० वर्षको लागि लिने काम सम्पन्न भएको छ ।

माननीय चौधरीको पहलमा यस क्षेत्रमा बसोबास गर्ने व्यावसायीहरुलाई लक्ष्य गरेर साना तथा मझौला उद्योगग्राम स्थापनाको लागि चालु आर्थिक वर्षमा तीन करोड साठ्ठी लाखको टेण्डर लागेर निर्माण कार्य भइरहेको छ । यस उद्योगग्राम स्थापनाको लागि आगामी वर्षको बजेटमा थप रकम विनियोजन गरिएको छ ।

यस क्षेत्रमा बसोवास गर्ने गरीव तथा विपन्न परिवारको लागि विपन्न तथा सुरक्षित आवास निर्माणको लागि आगामी आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन गरिएको छ । उक्त कार्यक्रमले यस क्षेत्रमा बसोबास गर्ने गरीव तथा विपन्न परिवारको लागि राहत पुग्नेछ ।

## बर्दघाटमा नुमना उद्योगग्राम

बर्दघाट नगरपालिकामा देशकै नमुना उद्योगग्राम स्थापना कार्य अगाडि बढेको छ । बर्दघाट नगरपालिका वडा नं २ को खजुरा खोला किनारमा साना तथा मझौला उद्योगग्राम (एसएमई भिलेज) निर्माण कार्य अगाडि बढेको हो । उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयले उद्योगग्राम निर्माणका लागि टेण्डर आह्वान गरिसकेको छ । १७ करोड लागत खर्च रहेको उद्योगग्रामका लागि पहिलो वर्ष चार करोड बजेट विनियोजन भएको छ भने बाँकी दोस्रो वर्ष काम सम्पन्न गर्ने गरी रकम विनियोजन गरिने मन्त्रालयले जनाएको छ ।

उद्योग मन्त्रालय अन्तर्गत रहेको विशेष आर्थिक क्षेत्र प्राधिकरण (सेज) ले प्राविधिक सहयोग गरिरहेको छ । दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको उद्योगग्रामको सञ्चालनको जिम्मा भने बर्दघाट नगरपालिकाले लिएको छ । उद्योग सञ्चालनसम्बन्धि विधि र प्रणाली निर्माण काम नगरपालिकालाई दिइएको छ । बर्दघाट नगरपालिकाले स्थानीय व्यवसायीलाई पहिलो प्राथमिकता दिनेछ भने बाहिरबाट उद्योगलाई आकर्षित गर्ने गरी विधि तयार गर्नेछ । स्थानीय उत्पादनलाई बजारीकरण गर्न यो उद्योगग्राम महत्वपूर्ण हुने विश्वास लिइएको छ ।

क्रमशः पृष्ठ १ बाट

सांसद चौधरीले रसायनिक मल, बीउबिजनको समस्यालाई अन्त्य गर्न प्रदेश र संघीय सरकारसँगको समन्वयमा हरेक पालिकामा युरिया मल पठाउन सहजीकरण गरेका थिए ।

कुनै दुर्घटना वा अन्य कारणले हातखुट्टा गुमाएका नागरिकलाई कृत्रिम हातखुट्टाको निशुल्क व्यवस्था मिलाउन सिजी सबल केन्द्र स्थापनाको काम अगाडि बढेको छ ।

बर्दघाट नगरपालिका-२ चिसापानीमा ५० सैयुयाको ट्रमा सेन्टर स्थापनाका लागि राष्ट्रिय आवास केन्द्र र बर्दघाट नगरपालिकाबीच जग्गा लिजसम्बन्धि सम्झौता भएको छ । सांसद चौधरी र नगरपालिकाको निरन्तर सक्रियताले ट्रमा सेन्टरको जग्गा लिजमा लिने कार्य सफल भएको मेयर शम्भुलाल श्रेष्ठले बताए ।

वर्षौंदेखि लाजपुर्जा नपाएका स्थानीयलाई मध्यनजर गरेर जग्गा नापी कार्य भइरहेको छ । माघ ३ गते बर्दघाटनगरपालिका-७ जिमिरेभारस्थित त्रिनेत्रधामबाट पहिलोपटक जग्गा नापी कार्य शुरूवात भएको थियो ।



वर्षेनी हुने डुवान र कटान नियन्त्रणका लागि सांसद चौधरीले सरोकारवाला निकायसँग निरन्तर समन्वय गर्दै आएका छन् । उनले जिल्लाका सबै सरोकारवालाहरुसँगको छलफलपछि डुवानको तत्कालीन र दीर्घकालीन समाधानमा जोड दिएका छन् ।

नवलपरासीका कतिपय ठाउँमा नेपालीभूमी गुगलम्यापमा भारततर्फ देखिने समस्या समाधानका लागि पहल भइसकेको छ । गुगलम्यापमा नक्सा सच्याउने काम भएको बताइएको छ । यस्तै निर्वाचन क्षेत्रका विभिन्न युवा क्लवहरुलाई खेलकुद सामग्री वितरण गरिएको छ ।

कांग्रेस नेता चौधरीको जितपछि स्थानीय पनि उत्साहित छन् । 'पहिलाका नेताहरुले आश्वासन मात्रै दिए,' सुस्ता गाउंपालिका अध्यक्ष टेकनारायण उपाध्यायले भने, 'माननीय बिनोदजीले जितपछि चार पाँच महिनामै कामको परिणाम पनि देखिन थालेको छ ।'




# १५ गौरवका आयोजना

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य विनोद चौधरीले आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि १५ वटा गौरवका आयोजना प्रस्ताव गरेका छन् ।

प्रतिनिधिसभा निर्वाचनका दौरान क्षेत्रको समग्र विकासबारे जनतामा गरेको प्रतिवद्धता कार्यान्वयन गर्न चौधरीले आफ्नो निर्वाचन क्षेत्रको सम्भाव्यता अध्ययन गरी गौरवका योजनाहरु तय गरेका हुन् । लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) जिल्लाको १ नम्बर निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका चौधरीले समग्र जिल्लाको विकास र समृद्धि आफ्नो सरोकार भएको बताउँदै आएका छन् ।

पहिलो चरणमा निर्वाचन क्षेत्र नम्बर १ को बृहत्तर विकासका लागि गहन अध्ययन गरेर गौरवका आयोजनाहरु छनोट गरिएको हो । सो क्षेत्रमा बर्दघाट नगरपालिका, प्रतापपुर, सुस्ता र सरावल गाउँपालिकाका कुल ३४ वटा वडाहरु पर्दछन् ।

सांसद चौधरीले आफ्नो निर्वाचन क्षेत्रका स्थानीय तहका प्रतिनिधि, सरोकारवाला र विज्ञहरुसँग निरन्तर छलफल गरेर क्षेत्र र जिल्लाका प्राथमिकताहरु निर्धारण गरेका हुन् । ती आयोजनाहरुमा संघ र प्रदेश सरकारमार्फत बजेट सुनिश्चितता गराई कार्यान्वयन गरिनेछ । स्थानीय तहहरुले आयोजना कार्यान्वयनका लागि आवश्यक जग्गा उपलब्ध गराउने प्रतिवद्धता जनाएका छन् ।

### आर्थिक बर्ष २०८०/०८१ को पूर्व-बजेट छलफलमा

# माननीय विनोद चौधरीले संघीय संसदमा राख्नु भएको धारणा

सम्माननीय सभामुख महोदय,

म विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा आफ्ना धारणा राख्न गइरहेको छु । माननीय अर्थमन्त्री डा. प्रकाश सरण महतज्यूले संघीय संसद समक्ष प्रस्तुत गर्नु भएको विनियोजन विधेयक २०८० का सिद्धान्त र प्राथमिकताले समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने मान्यता छ । म विनियोजन विधेयकले लिएका केही अवधारणालाई यहाँ राख्न चाहान्छु ।

माननीय अर्थमन्त्रीज्यूले आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा 'नेपालको संविधान, संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम, चालु आवधिक योजना, अल्प विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नती हुने एवं दिगो विकासका लक्ष्य प्राप्ती गर्ने सम्वन्धमा गरिएका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई आधारका रुपमा लिदै जनतामा राज्यप्रतिको भरोसा र भविष्यप्रति आशा जगाउनेतर्फ आगामी आर्थिक बर्षको बजेट निर्देशित रहनेछ' भन्ने कुरालाई प्राथमिकता दिनु भएको छ ।

यसैगरि, दिगो, फराकिलो एवम् समावेशी आर्थिक बृद्धि र समष्टिगत आर्थिक स्थायित्वलाई प्राथमिकता दिने, सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायलाई उच्चतम प्राथमिकता, दिगो विकासका लागि जलवायु परिवर्तनप्रति संवेदनशिलता, संघीयताको सवलीकरण, निजी क्षेत्रको मनोवल अभिवृद्धितर्फको गम्भिरता, शुसासन प्रवर्धन र सेवा प्रवाहमा सुधार गर्ने प्रतिवद्धता निश्चय नै सकारात्मक छन् । यी सिद्धान्त तथा प्राथमिकताको पूर्ण रुपमा समर्थन गर्न चाहान्छु ।

सम्माननीय सभामुख महोदय,

यस पृष्ठभुमिमा म आफ्ना दृष्टिकोणहरू यस गरिमामय संसदमा राख्न चाहान्छु ।

आगामी आर्थिक बर्षको बजेट दोस्रो चरण 'सेकेण्ड जेनेरेशन रिफम'को आर्थिक सुधारको गन्तव्य बन्नुपर्दछ । ०४८ सालपछि आर्थिक उदारीकरणमार्फत सुरु गरिएका सुधारले आज मुलुकमा निजी क्षेत्रको संस्थागत विकास हुन सकेको हो । सोही नीतिको प्रतिफलस्वरूप आज मुलुकमा दूरसञ्चार, बैंक तथा वित्तीय क्षेत्र, हस्पिटालिटी, यातायात तथा हवाई उड्डयन, सूचना प्रविधि, शिक्षा र स्वास्थ्य क्षेत्रले ठूलो फड्को मारेको छ । यस नीतिले कुल



गार्हस्थ्य उत्पादनको झन्डै ३५ प्रतिशत हिस्सा ओगट्ने नयाँ क्षेत्रहरू विकास भएका छन् । तर, त्यसपछि हामीले दोस्रो चरणको सुधारलाई अगाडि बढाउन सकेनौं । विश्व अर्थतन्त्रको दिशा नै यस अवधिमा यू-टर्न भएको छ । सूचना प्रविधिमा आधारित व्यवसायहरू अर्थतन्त्रको अघिल्लो पंक्तिमा उभिएका छन् । आजको दुनियाँ 'डिजिटल वर्ल्ड'को कारणले प्रारम्भ भएका नवप्रवर्तनका कथाहरू हाम्रा माझ छन् । गुगलदेखि फेसबुक ह्वाटसएप जस्ता कम्पनीहरु यसै रेभुलुसनका नतिजा हुन् । डिजिटल रेभुलुसनले कुनै पनि भूगोल चिन्दैनन् । आर्थिक मन्दीका कारण राजश्व संकलन हाम्रो चुनौती बनेको छ । बैशाख २५ गतेसम्ममा बजेटको लक्ष्यको तुलनामा ५२ प्रतिशत मात्रै राजश्व संकलन भएको छ । अर्कोतर्फ, नेपालको जिडिपीमा राजस्वको अनुपात करिब २० प्रतिशत पुगेको छ जबकि भारतमा त्यस्तो अनुपात १२ प्रतिशत र बंगलादेशमा ७ प्रतिशत मात्रै छ । तर दु:खका साथ भन्नुपर्छ जीडीपीको तुलनामा सबैभन्दा उच्च अनुपातमा राजस्व उठाउने नेपालमा राजश्व संकलन र चुहावट पनि त्यत्तिकै गम्भीर छ । कर प्रणालीलाई प्राविधिक रूपमा आधुनिक (टेक्नोजोजी ड्रिभन) बनाई राजश्व प्रणालीलाई स्वविवेकी होइन बरु स्पष्ट घोषित आधारभूत सिद्धान्तहरु, अन्तराष्ट्रिय मान्यता अनुसारका मान्यताहरु स्थापित गर्न सकियो भने राजश्व चुहावट नियन्त्रण मात्र होइन बृद्धि पनि गर्न सकिन्छ ।

पछिल्लो समय नेपालको जलविद्युत् उत्पादन र निर्यातका उत्कृष्ट मोडल देश सामु आएका छन् । पहिलोपटक भारत र नेपालका सरकारी विद्युत कम्पनीको संयुक्त लगानीमा अरूण-४ जलविद्युत् परियोजना बन्दैछ जसबाट २१ दशमलव ९ प्रतिशत निशुल्क ऊर्जा नेपालले पाउनेछ । यसरी आफ्नो स्वामित्व पनि हुने र निशुल्क ऊर्जा पनि पाउने गरी विकास हुँदै गरेको यो परियोजना ज्वाइन्ट भेन्चर तथा पार्टनरसिपको नयाँ मोडलका रूपमा स्थापित भएको छ । कर्णाली, पञ्चेश्वर लगायतका विभिन्न बेसिनमा १२ हजार मेगावाटभन्दा बढी क्षमताका परियोजनाहरूलाई यसैगरि अगाडि बढाउन सकिन्छ । र यसमा लगानी गर्न ठूला विदेशी लगानीकर्ताहरू इच्छुक देखिएका छन् । यस मोडेललाई पछ्याउदै हामीले हाम्रो जलस्रोतको विकासमा फड्को मार्ने र विद्युत् निर्यातमार्फत् देशको ब्यापार घाटालाई सन्तुलनमा ल्याउन सकिन्छ । ब्यापार घाटाको बढ्दो, धान्न नसकिने अवस्थामा पुगेको खाडल पुर्न यो एउटा शसक्त माध्यम बन्न सक्छ । वस्तुको निर्यातबाट यो खाडल पुर्न असम्भव छ ।

अर्बौ लगानी लगाएर बनाएका हाम्रा दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थलहरू वास्तवमा अहिले मृतप्राय: अवस्थामा छन् । यी एयरपोर्टलाई व्यवस्थित रुपमा संचालन गर्न अन्तर्राष्ट्रियस्तरमा एयरलाइन्सहरुको सञ्जाल व्यवस्थापनमा कुशल र एयरपोर्ट व्यवस्थापनमा ख्यातीप्राप्त सस्थाहरूलाई आमन्त्रण गर्न सक्नुपर्छ । भारतले हवाइ सेवालाई सस्तो बनाई आम नागरिकको पहुँचमा पुर्‍याउन एवम् दोस्रो र तेस्रो तहका साना शहरलाई जोड्न उडान कार्यक्रम घोषणा गरेको छ । गोरखपुर दरभंगाजस्ता भारतका साना शहर भारतका ठूला शहरसँग जोडिएका छन् । यी शहर पछिल्लो समय एभिएसन हबकै रूपमा विकास भएका छन् । पर्यटनका अन्य पूर्वाधार विकासलाई प्रोत्साहन गर्दै आर्थिक कुटनीतिलाई प्रभावकारी बनाउन सकियो भने आगामी पाँच बर्षमा ५० लाख पर्यटक नेपाल भित्रयाउन सम्भव हुनेछ । भारत तथा चिनबाट मात्रै पनि यति पर्यटक ल्याउन सकिन्छ भन्ने मेरो मान्यता हो । यो सोंचको प्रस्थान विन्दु आगामी आर्थिक बर्षको बजेट बन्न सकोस् भन्ने मेरो कामना छ । दैनिक २०००-२५०० युवाहरू वैदेशिक रोजगारीका लागि विदेशिने गरेको पृष्ठभुमिमा यो देशभित्र रोजगारी श्रृजनाको महत्वपूर्ण माध्यम बन्न सक्छ ।

भैरहवामा एउटा विशेष आर्थिक क्षेत्र (सेज) बनाउन हामीलाई दुई दशक लाग्यो । त्यहाँ पनि लगानीकर्ता आकर्षित हुन सकेनन् । २०७३ सालमा खुला गरिएको भैरहवा सेजमा ६८ वटा प्लट छन् तर ६ बर्षमा ७ वटा उद्योग मात्रै गएका छन् । अन्य सेजको अवस्था पनि उही छ । हाम्रा छिमेकी मुलुकहरू चिन र भारतले स्थापना गरेका सेजमा बहुराष्ट्रिय कम्पनीहरू

सहजै आकर्षित भइरहेका छन् तर हाम्रो औद्योगिक क्षेत्र र सेज भन्ने बारेमा कुनै पनि लगानी अग्रसर हुन नसक्नुको कारण के हो भन्ने बारेमा अध्ययन गरि आगामी बजेटमा यो कुरा प्रस्तुत गर्न सक्नुपर्छ । हाम्रा नीतिहरू कति लगानी-मैत्री छन् भन्ने कुरा छर्लङ्गै हुन्छ ।

हाम्रो बजेटको संरचनागत परिवर्तनका लागि कठोर निर्णय नलिएसम्म आर्थिक विकासको गतिलाई तिब्र बनाउन गाह्रो देखिन्छ । चालू बर्षको बजेटमा पुँजीगत खर्चका लागि २१ प्रतिशत मात्रै रकम बिनियोजन गरियो । यो रकममध्ये पनि बढिमा ३५ प्रतिशत मात्रै खर्च हुने हाम्रो परम्परा भइसक्यो । अर्थात् कुल बजेटको विकासमा ६ प्रतिशत मात्रै लगानी हुने अवस्था देखिन्छ । ९४ प्रतिशत ओभरहेड अर्थात् चालू खर्च र ६ प्रतिशत मात्रै विकास खर्च वा उत्पादन । बजेट विनियोजनको यो अत्यन्तै दुखदपूर्ण स्थिती परिवर्तन गरि बजेट विनियोजनमा पुँजीगत खर्च र चालू खर्चको अनुपात ६०:४० प्रतिशत बनाउनेतर्फ बजेटले ठोस प्रयासको प्रारम्भ यसै बजेटमार्फत गर्नेछ भन्ने मेरो विश्वास छ ।

म केही विकास परियोजनाहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरेर हाम्रो विकास मोडल कस्तो छ भन्ने बारेमा केही भन्न चाहान्छु । मेलम्ची खानेपानी आयोजनाको योजना ३० बर्षमा पनि अझै पूरा भएको छैन । मेलम्चीको पानी खाने आशा राख्दाराख्दै एउटा सिंगो पुस्ता सकिएको छ । बुढीगण्डकी जलविद्युत् परियोजना निर्माण गर्न आम उपभोक्ताले विगत २०७२ सालदेखि प्रति लिटर इन्धन किन्दा १० रूपैयाँ कर तिरिरहेका छन् । पछिल्लो समयमा यो करको नाम परिवर्तन गरि 'पूर्वाधार विकास कर' भनिएको छ । तर, आजसम्म पनि यो परियोजना कसरी अगाडि बढ्नेछ भन्ने स्पष्ट छैन ।

काठमाडौं- तराई जोड्ने फास्ट ट्र्याक होस् वा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, सिक्टा सिंचाई होस् वा पूर्व-पश्चिम रेल वे हाम्रा विकास मोडलका नकारात्मक नमूना बनेर बसेका छन् । आयोजना कार्यान्वयन चक्रमा आमूल सुधार जरुरी छ । हाम्रा ठूला आयोजनाको कार्यान्वयन कमजोर, भष्ट्राचारउन्मुख र एवं कहालीलाग्दो छ । यसमा आमूल परिवर्तन ल्याउनु आजको महत्वपूर्ण प्राथमिकता हो । मलाई विश्वास छ, यो बजेटले हाम्रो विकासको अवधारणा तथा कार्यान्वयनमा नयाँ दिशाबोध दिनेछ ।

वि. सं. १९७२ मा काठमाडौँमा राजदरवारका सदस्यहरूले अध्ययन गर्नका लागि बूढानीलकण्ठ स्कूल खोलियो । त्यसबेला राजदरबारका लागि छुट्टै विद्यालय हुनु स्वभाविक मानिएला तर २०४६ सालको राजनीतिक परिवर्तनपछि त यो स्कूललाई जनताका छोराछोरी पढाउन जिल्ला जिल्लामा पुऱ्याउन सकिन्थ्यो नि । यद्यपी यस स्कूलमा निश्चित कोटाहरु जिल्लाका जेहेन्दार, गरिव विद्यार्थीका लागि पनि छुट्ट्याइएको छ । यस स्कूलका विद्यार्थीले अन्तर्राष्ट्रिय जगतमा आफ्नो भिन्दै छवी बनाएका छन् । बुढानिलकण्ठ जस्ता विद्यालयकालाई सकिन्छ भने प्रत्येक जिल्लामा र सकिदैन भने हरेक प्रदेशमा एउटा एउटा खोल्ने समुचित व्यवस्था यहि बजेटमार्फत् गरियोस् भन्न चाहान्छु ।

हामीले प्रत्येक पालिकामा १५ शैय्याको अस्पताल बनाउने घोषणा गऱ्यौं । बजेट पनि विनियोजन भयो । तर, त्यसमा पैसा खर्च नै हुन सकेको छैन । मेरो निर्वाचन क्षेत्र (नवलपरासी पश्चिम १) मा ४ वटा पालिका र ३४ वटा वार्ड छन् । चारवटा पालिका छन् । कोही बिरामी पऱ्यो भने बुटवल जानुपर्छ । परासीमा पनि राम्रो अस्पताल छैन । राजमार्गको छेउमा भएको अस्पतालमा अपरेसन थिएटर छैन । अस्पताल भनेको भवन मात्रै होइन, त्यहाँ उपलब्ध हुने चिकित्सकहरूको विशेषज्ञ सेवा, त्यसका लागि आवस्यक स्वास्थ्यकर्मीहरूको इन्टिग्रेटेड टिम, अत्यावस्यक स्वास्थ्य उपकरणहरू लगायतका सुविधा आवस्यक पर्छन् । मलाई लाग्छ, प्रत्येक पालिकामा अस्पताल बनाउनुको साटो तीन-चारवटा पालिका मिलेर सबैलाई पायक पर्ने स्थानमा एउटा सुविधासम्पन्न अस्पताल निर्माण गर्नुपर्छ,सबैको स्वामित्व हुने गरी ।

संविधानले हरेक नागरिकलाई आवासको हक सुनिश्चित गरेको छ । प्रत्येक जिल्लाका विपन्नहरूका लागि घरमा जस्ता पाता छाउन सरकारले प्रति परिवार ७५ हजार रूपैयाँ दिने कार्यक्रम ल्यायो । तर कसैले पनि ७५ हजार रूपैयाँ लिएर जस्ता पाताले छाउन सकेनन् । किनभने उनीहरूका अहिलेका घरले जस्तापाताको बोझ थाम्न नै सक्दैनन् । फुसको वा बाँसको भित्ता भएका घर छन् गरिब जनताका । त्यस्ता घरमा जस्तापाता कसरी टिक्छ ? आवासका नाममा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायले छुट्टाछुट्टै कार्यक्रम अगाडि सारेका छन् तर आवासविहिनले आवास पाउने अवस्था छैन । यस्तो पृष्ठभुमिमा स्थानीय निकायले एकिकृत वस्ती विकासका लागि जग्गा व्यवस्थापन गर्ने, केन्द्र र प्रदेश सरकार र स्थानीय तहको समेत बजेटलाई इन्ट्रिग्रेटेड गरि कार्यान्वयन गर्ने हो भने घरविहिन नागरिकहरुले राम्रैं आवास पाउन सक्छन् । यस्ता छरिएका कार्यक्रमलाई बजेटले एकिकृत मोडलमा लैजानुपर्छ ।

युवालाई स्वरोजगार बनाउने प्रयोजनका लागि स्टार्टअप र उद्यमशीलतालाई प्रवर्द्धन गर्न युवाहरूलाई तालीम दिने स्टार्टअप फन्ड (बीउपुँजी) मार्फत वित्तीय स्रोत उपलब्ध गराउने कार्यक्रम विगत डेढ दशकदेखिका बजेटमा परिरहेको छ । तर त्यो हालसम्म कार्यान्वयन हुन सकेको छैन । प्रधानमन्त्री स्वरोजगार योजना जस्ता कार्यक्रमले बेरोजगारीलाई दिर्घकालिन समाधान दिन सक्दैन । युवा तथा खेलकुद मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, उद्योग मन्त्रालय, योजना आयोगलगायतमा विभिन्न नाममा यस्ता कोषहरू रहेका छन् । तर, कुनै पनि कोष प्रभावकारी हुन सकेका छैनन् । ती सबै कोषहरूलाई एकत्रित गरी युवाहरूलाई गरिखाने बनाउन सही तालीम तथा प्रशिक्षण प्रदान गर्ने तथा वित्तीय पहुँचमा जोड्ने काममा लगाउनुपर्छ ।

किसानलाई अनुदानमा मल वितरण गर्न राज्यले वर्षेनि अर्बौं रूपैयाँ खर्च गर्छ । तर, किसानले समयमा र सहजै रासायनिक मल पाउन सकेका छैनन् । विचौलियाको खेलले किसान पीडित छन् । यसले किसानलाई अथाह पीडा दिने गरेको छ । मुलुकको आर्थिक, राजनीतिक र सामाजिक विकासको अवधारणा तयार गर्न, देशको दिर्घकालिन विकास रणनीति तय गर्न र सरकारलाई मार्गदर्शन गर्न देशमा अनुसन्धान गर्ने 'थिंक टयाङ्क अर्गनाईजेशन'हरूको भूमिका महत्वपूर्ण हुन्छ । म संझिन्छु, यसका लागि रिचर्स सेन्टर फर एप्लाईड साईन्स एण्ड टेक्नोलोजी (रिकास्ट), सेन्टर फर नेपाल एण्ड एसियन स्टडिज (सिनास), सेन्टर फर इकोनोमिक डेभलपमेन्ट एण्ड एडमिनिस्ट्रेसन (सेडा) नेपाल एकाडेमी अफ साइन्स एण्ड टेक्नोलोजी (नास्ट) जस्ता थिंक टयाङ्क अर्गनाईजेशन स्थापना भएका थिए । यी अर्गनाईजेसनहरूले अहिले के काम गरिरहेका छन् धेरैलाई थाहा छैन । ती संस्थालाई न सुदृढ बनाउन सकियो न बैकल्पिक संस्था नै खोल्न सकियो । मुलुकको आर्थिक विकासका लागि अनुसन्धानका काममा थप लगानी र पहल हुन अत्यन्तै जरुरी छ । नेपालको विकास प्रकृयाको अन्तिम 'वनरसिप' कसले लिने हो भन्ने बारेमा पनि प्रष्ट हुनुपर्ने समय आएको छ । हाम्रो योजना र विकास डेलिभरीवीचमा ठूलो खाडल छ । यसको जिम्मेवारी कसको हो ? यस्को निर्क्यौल गरेर आगामी बजेटको माध्यमबाट विकास प्रकृयामा रहेको यो अन्यौलताको अन्त्य गरिनेछ भन्ने मेरो विश्वास छ । अन्यथा हाम्रो विकास प्रकृया यसैगरि रुमल्लिनेछ ।

सम्माननीय सभामुख महोदय, आगामी आर्थिक बर्षको बजेट नयाँ सोंचलाई आत्मसाथ गर्ने बजेटका रुपमा आउनेछ भन्ने मेरो विश्वास छ । जय नेपाल ।

(२६ बैशाख, २०८० मा माननीय विनोद चौधरीले संघीय संसदमा राख्नु भएको धारणाको संक्षिप्त अंश ।)

# चिसापानी अस्पताललाई विशेषज्ञ सेवायुक्त बनाउन सम्झौता




चौधरी फाउन्डेसन र चिसापानी अस्पतालबीच अस्पतालको सेवा सुदृढीकरण र स्तरोन्नति गर्नेबारे सम्झौतापत्रमा हस्ताक्षर भएको छ । नवलपरासी (पश्चिम) जिल्लामा सुविधासम्पन्न अस्पताल नहुँदा यहाँका बासिन्दाले गुणस्तरीय स्वास्थ्य सेवा पाउनसकेका छैनन् । सामान्य बिरामी हुँदा समेत यहाँका वासिन्दालाइ उपचारका लागि बुटवल र भैरहवा जानुपर्ने अवस्था छ ।

यो अवस्थाको अन्त्यका लागि चौधरी फाउण्डेसनले चिसापानी अस्पताललाई रिफरल अस्पतालका रुपमा विकास गर्न पहल लिएको हो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद विनोद चौधरीले निर्वाचनका बेला चिसापानी अस्पताललाई विशेषज्ञ सेवा सुविधासहितको अस्पतालका रुपमा विकास गर्ने प्रतिवद्धता जनाएका थिए । चुनावी प्रतिबद्धताअनुसार अस्पताललाई नवलपरासी जिल्लाकै सुविधासम्पन्न अस्पतालका रुपमा विकास गर्न लागिएको हो । चौधरी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् ।

# सुस्तामा बर्थिङ सेन्टर सञ्चालन



चौधरी फाउण्डेसनको सहयोगमा पश्चिम नवलपरासीको पक्लीहवास्थित स्वास्थ्य केन्द्रमा विशेषज्ञ सुविधासहितको बर्थिङ सेन्टर सञ्चालनमा आएको छ । प्रतिनिधिसभा सदस्य विनोद चौधरीले सुस्ता गाउँपालिकाको वडा नं. ५ रहेको स्वास्थ्य चौकीको भवनसहित बर्थिङ सेन्टरको उद्घाटन गरेका हुन् ।

नवलपरासी क्षेत्र नं. १ बाट निर्वाचित सांसद चौधरीले सेन्टर सञ्चालनमा आएपछि ग्रामिण क्षेत्रका महिलाहरु लाभान्वित विश्वास व्यक्त गरे । उनले जिल्लाको दक्षिण भेगका दिदीबहिनीहरुले गाउँमै विशेषज्ञ सुविधासहितको प्रसुति सेवा पाउने बताए ।

साथै उनले स्वास्थ्य केन्द्रको स्तरोन्नतिपछि स्थानीयले सहज र गुणस्तरीय स्वास्थ्य सेवा पाउने विश्वास व्यक्त गरे । 'चुनावका बेला गरिएको प्रतिवद्धता कार्यान्वयनमा हामी प्रतिवद्ध छौं, उनले भने, 'निर्वाचनका बेला हामीले जे गर्छौं भनेका छौं, त्यसका लागि व्यवस्थित विकासको खाका बनाएर अगाडि बढिसकेका छौं ।

# संक्षिप्त समाचार

## खजुरा खोलामा पक्की पुल

नवलपरासी । नवलपरासी (बर्दघाट- सुस्ता पश्चिम) जिल्लाको बर्दघाट नगरपालिका अन्तर्गत वडा नं. ५ र १६ जोड्ने खजुरा खोलामा पक्की पुल निमार्णका लागि शिलान्यास गरिएको छ । पुलको प्रतिनिधिसभा सदस्य विनोद चौधरीले शिलान्यास गर्नुभएको हो ।

पुलको शिलान्यास गर्दै प्रतिनिधि सभा सदस्य चौधरीले ठेकेदार कम्पनीले तोकिको समय भित्रै काम सम्पन्न गर्न आफूले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । पुल निमार्णपछि त्रिवेणी धाम पुग्न सबैभन्दा नजिकको बाटो हुन् विश्वास लिइएको छ ।

## निशुल्क पाठेघर स्वास्थ्य परिक्षण

चौधरी फाउन्डेसनले महिला समुदायलाई लक्षीत गरेको पश्चिम नवलपरासी विभिन्न तिन स्थानमा आयोजना निशुल्क पाठेघर स्वास्थ्य परिक्षण शिविरबाट करिब ६ सय महिलालाइ उपचार सेवा लिएका छन् । चौधरी फाउन्डेसनको प्राविधीक सहयोग तथा चेतना महिला कृषि सहकारी संस्था लिमिटेडको सहजीकरणमा महिलाहरूको प्रजनन अंगमा क्यान्सर छ छैन परिक्षण गरिएको हो ।

यस वारे बिशेष गरी ग्रामीण क्षेत्रका महिलाहरू उपचार सेवाबाट लाभान्वीत भएको फाउण्डेसनका सचिव सारिका चौधरीले जानकारी दिनुभयो ।चौधरी फाउन्डेसनको प्राबिधिक सहयोगमा भएको उक्त कार्यक्रममा तिन स्थानमा गरी कुल ६ सय जना महिलाहरूले उपचार गराउनु भयो, उपचार गराएका महिलाहरू मध्ये ५० जना महिलाहरू को रिपोर्ट पोजेटिभआएको र उक्त रिपोर्ट काठमाडौं को ल्याबमा अन्तिम परिक्षण गरेपछीक्यानसर भएको र नभएको पूर्ण रूपमा थाहा हुने टिम लिडर डाक्टर प्रविश पौडेलले बताउनुभयो ।

## विपन्न परिवारलाई न्यानो कपडा

पश्चिम नवलपरासरी क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित नेपाली कांग्रेसका केन्द्रीय सदस्य विनोद चौधरीले आफ्नो निर्वाचन क्षेत्रका विपन्न परिवारलाई कम्बल वितरण गरेका छन् ।

चौधरीले मुसहर बस्तीका विपन्न ५ सय परिवारलाई न्यानो कपडा वितरण गरेका हुन् ।

## क्रिकेटका कप्तान पौडेललाई सम्मान

क्रिकेट खेलमार्फत नेपाललाई विश्वभर चिनाउन सफल राष्ट्रिय टीमका कप्तान रोहित पौडेललाई गृह जिल्ला नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) को बर्दघाटमा सम्मान गरिएको छ ।

बर्दघाटमा आयोजित एक कार्यक्रमबीच कप्तान पौडेललाई संघीय सांसद विनोद चौधरीले सम्मान गरे । सम्मान कार्यक्रममा सांसद चौधरीले कप्तान पौडेलले क्रिकेट खेलमार्फत नेपाललाई विश्वसामु चिनाउन सफल भएको भन्दै प्रशंसा व्यक्त गरे ।

# नवलपरासी क्षेत्र १ मा भएका राजनीतिक एवम् सामाजिक गतिविधि













**१.** नवलपरासी (बसुप) निर्वाचन क्षेत्र नं. १ को विकासका प्राथमिकता निर्धारण सम्बन्धी कार्यप्रगतिबारे समीक्षा बैठक, **२.** नवलपरासीको बर्दघाट नगरपालिका वडा नं. ५ र १६ जोड्ने खजुरा खोलामा पुलको शिलान्यास, **३.** चौधरी फाउण्डेसन र नवलपरासी पश्चिमको सुस्ता गाउँपालिकाकाबीच पकलीहवा स्वास्थ्य केन्द्रमा सुविधासम्पन्न बर्थिङ सेन्टर सञ्चालन र स्वास्थ्य उपकरण हस्तान्तरणसम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर, **४.** चौधरी फाउन्डेसनको सहयोगमा स्थानीय महिलाहरु सिलाई बुनाई तालिम गर्दै, **५.**चौधरी फाउन्डेसनले महेन्द्र माध्यामिक विधालय नवलपरासीमा अध्ययनरत छात्राहरुलाई शिक्षामा सहज पहुँच पुगोस भन्ने उद्देश्यकासाथ साइकल बितरण, **६.** मुस्लिम धर्मावलम्बीहरुको पवित्र महिना रमदान साथै, महान पर्व ईद उल फित्र-२०८० को पूर्व सन्ध्यामा आयोजित ईद मिलन एवम दावत ए इफ्तार कार्यक्रममा सहभागी, **७.** सरावल गाउँपालिका वडा नम्बर ६ बटसार, नवलपरासीमा १००८ श्री शतचण्डी महायज्ञमा सहभागीता









# भुमी आयोगले बर्दघाटबाट सुरु गऱ्यो जग्गा नापजाँच

राष्ट्रिय भूमि आयोग पश्चिम नवलपरासीले बर्दघाट नगरपालिकाबाट जग्गाको नापजाँच सुरु गरेको छ। आयोगले जिल्लाका सात वटा स्थानीय तह मध्ये बर्दघाटको वडा नम्बर ७ बाट काम सुरु गरेको हो।बर्दघाट र सुनवल नगरपालिकाले मात्र हालसम्म भूमिहीन सुकुम्वासीहरूको विवरण सङ्कलन गरेका छन्। बर्दघाट नगरपालिकामा भूमिहीन दलित ८०४,भूमिहीन सुकुम्वासी १३९६ र अव्यवस्थित वसोवासी को सङ्ख्या ४९४५ गरि कुल सात हजार १ सय ४५ सुकुम्वासीको तथ्याङ्क रहेको भूमि आयोगका जिल्ला अध्यक्ष देवराज भण्डारीले जानकारी दिनुभयो।नगरपालिकाले ३५ दिनको दाबी विरोधको समय दिएको थियो।

भूमि आयोगबाट ८ जना र जिल्ला नापी कार्यालयबाट ४२५ जनाको अमिन टोली र विज्ञ सदस्य सहित नापजाँचको काम प्रारम्भ भएको छ। पहिलो चरणमा अव्यवस्थित सुकुम्बासीको र चरणबद्ध रुपमा अन्य सबैको नापजाँच सुरु गरिने भण्डारीले बताउनु भयो। बर्दघाट नगरपालिकाका नगरप्रमुख शम्भुलाल श्रेष्ठ र यस क्षेत्रका सङ्घीय सांसद विनोद चौधरीले आयोगले निष्पक्ष रुपमा काम गर्ने बताउँदै वास्तविक सुकुम्वासीहरूले जग्गा पाउनुपर्नेमा आफूहरूको जोड रहेको बताउनु भयो। अन्य स्थानीय तहहरुले विवरण सङ्कलन गरेपश्चात मात्र जिल्लाको समग्र एकिन विवरण आउने भूमि आयोगले जनाएको छ।

# गण्डकमा नयाँ प्रविधिबाट तटबन्ध गरिँदै



डुबानक्षेत्रको स्थलगत निरीक्षण गर्दै सांसद विनोद चौधरी

भारतले नारायणी नदी (गण्डक नहर) मा तटबन्धको काम तीव्र गतिमा अगाडि बढाएको छ। वर्षेनी हुने बाढी र डुवान रोक्न नयाँ प्रविधिको प्रयोगमार्फत मर्मतको कार्य भइरहेको हो।

नेपाल र भारत सरकारबीचको सम्झौता अनुसार भारतीय पक्षले डुवान र कटान नियन्त्रणका लागि काम गरिरहेको हो। सांसद विनोद चौधरीले तटबन्धका लागि नेपाल सरकार र भारत सरकारसँग निरन्तर संवाद गर्दै आएका छन्।

भारत सरकारले तटबन्धका लागि ८० करोड बजेट विनियोजन गरेको छ। असारभित्रै काम सम्पन्न गर्ने गरी दश वटा निर्माण कम्पनीहरुले काम गरिरहेका छन् भने २० ठाउँमा मर्मत कार्य भइरहेको छ।

तटबन्धमा ट्राइपोल प्रविधिको प्रयोग गरिएको छ। समुद्रमा छालहरुलाई रोक्न प्रयोग गरिने यो प्रविधिले नारायण नदीमा हुने कटान उल्लेखनीय रुपमा नियन्त्रण हुनेछ। विभिन्न ठाउँमा गरी करिव २५ सय वटा ट्राइपोल राख्ने तयारी छ।

**सम्पादक मण्डल**

मधुसूदन पौडेल, खगेन्द्र भण्डारी, राजकुमार घिमिरे, पुरुषोत्तम सुवेदी, सरोज थापा

समिट टावर, कुपण्डोल हाइट, ललितपुर,
बागमती प्रदेश, नेपाल। फोन नं.:+९७७-९८५१०२३३७३
स्थानीय अफिस: बर्दघाट - ७,
जिमिरेभार, नवलपरासी (ब.सु.प.) क्षेत्र नं १,
लुम्बिनी प्रदेश, नेपाल। फोन नं.: +९७७-७८-५२०३३०
ईमेल: bkc.secretariat@gmail.com

# मिडिया कभरेज

